नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

# दैनिक विपद् बुलेटिन


२९ असोज २०७९ | बुलेटिन नं #८४४

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति | सडक अवरोध | चौपाया |
|---|---|---|---|---|---|---|
| ७ | ३ | ० | १ | २.३२७करोड | ० | २ |


## विपद्का हाइलाइट

मिति २०७९ जेठ २२ गते नेपालको पूर्वी भूभागबाट प्रवेश गरेको यस वर्षको मनसुन आजदेखि सुदुरपश्चिम, कर्णाली, गण्डकी, लुम्बिनी, बागमती र मधेश प्रदेशबाट बाहिरिएको छ । बाँकी भूभागबाट मनसुन बाहिरिन अझै केही दिन लाग्ने सम्भावना । पछिल्लो चौबिस घण्टामा पाल्पाको निस्दी र रिप्दीकोटमा बाढीले बगाएर २ जनाको मृत्यु भएको छ । हुम्लाको सिमकोट स्थित लुड्पे लेकमा जडीबुटी खोज्न गएको अवस्थामा हिमपातमा परी चिसोको कारण एक जनाको मृत्यु भएको छ । काभ्रेको धुलिखेलस्थित एक चाउमिन फ्याक्ट्रीमा ग्यास लिक भई आगलागी हुँदा एक जना सामान्य घाईते भएका छन् । यीसँगै ४ स्थानमा आगलागी, १ स्थानमा बाढी, १ स्थानमा भारी वर्षा र १ स्थानमा हिमपातका घटना दर्ता भएका छन् ।

### प्रदेश अनुसार मृत्यु, बेपत्ता र घाइते संख्याको बर्गीकरण




### प्रकोप अनुसार घटनाको विवरण (२४ घण्टा) नक्सामा





**मृत्यु संख्या**

सामान्य (०) मुख्य (<१०) गम्भीर (<१००) विनाशकारी (>१००)


**प्रकोप संकेत**

हिमपात बाढी आगलागी भारीवर्षा

## प्रकोप अनुसार घटना र मृत्यु संख्याको बर्गीकरण




## लिङ्ग अनुसार मृत्युको बर्गीकरण





## २४ घण्टामा COVID-१९ को विवरणहरु

| कुल संक्रमित संख्या | कुल मृत्यु संख्या | कुल निको भएका संख्या |
|---|---|---|
| ५२ | ० | १६ |

## हालसम्मको COVID-१९ को कुल तथ्याङ्क

| कुल संक्रमित संख्या | कुल सक्रिय संक्रमित संख्या | कुल निको भएका संख्या | कुल मृत्यु संख्या |
|---|---|---|---|
| १,०००,१२३ | ६६७ | ९८७,४३८ | १२,०१८ |

## प्रदेश अनुसार कुल संक्रमित संख्याको बर्गीकरण




| | प्रदेश न.१ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| कुल संक्रमित संख्या | १२९,४७२ | ५३,८५९ | ५४२,०६१ | ९५,२६७ | ११०,४६५ | २४,०१९ | ४४,९३७ |

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग

## मौसम पूर्वानुमान महाशाखा

मनसुन बहिर्गमन (Withdrawal of Monsoon) सम्बन्धि विशेष मनसुन बुलेटिन-८ (Monsoon Bulletin-8)

(जारी मिति: २०७९/०६/२९ बिहान १०:०० बजे)

मिति २०७९ जेठ २२ गते (तद् अनुसार सन २०२२ जुन ५) नेपालको पूर्वी भू-भागबाट प्रवेश गरेको यस वर्षको मनसुन आज मिति २०७९/०६/२९, शनिबार (तद् अनुसार सन २०२२ अक्टोबर १५) बाट नेपालको सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश, लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, बागमती प्रदेश र मधेश प्रदेशको पश्चिमी भू-भागबाट बाहिरिएको छ । नेपालको बाँकी भू-भागबाट मनसुन बहिर्गमन (Withdrawal of Monsoon) हुन अझै केही दिन लाग्ने सम्भावना रहेको छ।

सरदरमा अक्टोबर २ का दिन नेपालबाट बाहिरिने मनसुन, यस वर्ष औसत मिति भन्दा केही दिन ढिलो गरी बहिर्गमन हुन सुरु भएको छ । मौसम पूर्वानुमान महाशाखाले आवश्यकता अनुसार विशेष मौसम बुलेटिन अद्यावधिक गर्ने छ।

मौसम सम्बन्धि थप जानकारीका लागि:

मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (TIA), गौचर, काठमाडौं

फोन: ०१-४४८६८६९, ०१-४११३१९१

Website: www.mfd.gov.np / www.dhm.gov.np

Email: mfddhm@gmail.com

# अनुसूची १

## २०७९ बैशाख १ देखि असोज २९ गते सम्मका विपद्का प्रमुख घटनाहरुको विवरण

| प्रकोप | घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | अनुमानित आर्थिक क्षेति (रु ) |
|---|---|---|---|---|---|---|
| पहिरो | ३१७ | ९४ | १८ | ८० | ४०८ | ८८,१२८,७०० |
| उच्च ऊंचाई | २ | ३ | ० | ० | २ | ० |
| बाढी | ५४ | १९ | १५ | १७ | १४१ | १४,५८८,००० |
| डुंगा पल्टिनु | ३ | १ | १ | ० | २ | ० |
| चटयाङ्ग | २३५ | ८० | ० | २०२ | ३५२ | ३,६५२,००० |
| सर्पदंश | २२ | १८ | ० | ५ | २२ | ० |
| आगलागी | ९४२ | २७ | ० | १४४ | १,०७४ | ९४८,०३५,५६० |
| अन्य गैरप्राकृतिक विपद् | ० | ० | ० | ० | ० | ० |
| भारीवर्षा | १६५ | ८ | ० | १५ | २०० | ३८,१३०,६७५ |
| हुरी बतास | ९६ | ९ | ० | ३४ | २६१ | २५,४६१,८०० |
| भूकम्प | ५ | ० | ० | १ | ७ | ८३०,००० |
| प्यान्डामिक फ्लू | ० | ० | ० | ० | ० | ० |
| हिमपहिरो | २ | २ | ० | ११ | १३ | ० |
| जनावर आक्रमण | १४५ | २१ | ० | ९० | २१६ | ३,९७९,१०० |
| वन डढेंलो | ५३ | १ | ० | २ | २९ | १२,३८५,००० |
| हिमपात | १ | १ | ० | ० | १ | ० |
| जम्मा | २,०४२ | २८४ | ३४ | ६०१ | २,७२८ | १,१३५,१९०,८३५ |

## घटना सारांश

| क्र.स | घटना संख्या | जिल्ला | मृत्यु | बेपत्ता | घाइते | घटना विवरण | प्रतिकार्य |
|---|---|---|---|---|---|---|---|
| १ | हिमपात | हुम्ला | १ | ० | ० | सिमकोट गा.पा.- ८ खोल्सी बस्ने वर्ष ४२ का एक पुरुष लुड्पे लेकमा जडीबुटी खोज्न गएको अवस्थामा हिमपातमा परी चिसोको कारण मृत्यु । | - |
| २ | बाढी | पाल्पा | २ | ० | ० | निस्दी गा.पा.- १ अर्मल स्थित वर्ष ३० का एक पुरुषलाई साखर्दी खोलाले बगाई मृत्यु, रिप्दिकोट गा.पा.- ६ मन्दिखोला तर्ने क्रममा बगाई वर्ष ५ की एक बालिकाको मृत्यु । | - |
| ३ | आगलागी | झापा | ० | ० | ० | बाह्रदशी गा.पा.- ३ सिमलडागी स्थित एक गोठ र भान्साघरमा अचानक आगलागी हुँदा ३ लाख रुपैया बराबरको क्षति । | ईप्रका राजगढको टोली र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| ४ | भारीवर्षा | भोजपुर | ० | ० | ० | अबिरल बर्षाका कारण अरुण गा.पा.- ५ माङसुवा स्थित एक घर लडी क्षति । | - |
| ५ | आगलागी | काभ्रेपलाञ्चोक | ० | ० | १ | धुलिखेल न.पा.- ४ अट्ठाईस किलो स्थित एक चाउमिन फ्याक्ट्रीमा चाउमिन पकाउने क्रममा ग्यासबाट अचानक आगलागी हुँदा एक जना सामान्य घाईते । | घाईतेलाई उपचारको लागि धुलिखेल अस्पताल पठाईएको । |
| ६ | आगलागी | स्याङ्गजा | ० | ० | ० | गल्याङ न.पा.- ४ बाझोबारी स्थित एक गोठमा अचानक आगलागी हुँदा २ वटा बाखाको मृत्यु । | स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |

| ७ | आगलागी | मकवानपुर | ० | ० | ० | गढी गा.पा.- ४ कालिखोला टोल स्थित एक घरमा अचानक आगलागी हुँदा घर पूर्णरुपमा जलि ४ लाख ७० हजार रुपैंया बराबरको क्षति । | प्र.ना.नि.को टोली र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण |
|---|---|---|---|---|---|---|---|
| जम्मा | ७ | ७ | ३ | ० | १ | | |

## २४ घण्टामा विपद्को विवरण

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति | सडक अवरोध | चौपाया |
|---|---|---|---|---|---|---|
| ७ | ३ | ० | १ | २३,२७०,००० | ० | २ |

## प्रदेश अनुसार मृत्यु, बेपत्ता र घाइते संख्याको बर्गीकरण

| | बागमती | गण्डकी | कर्णाली | लुम्बिनी | प्रदेश न.१ | मधेश | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| मृत्यु संख्या | ० | ० | १ | २ | ० | ० | ० |
| हराइरहेको संख्या | ० | ० | ० | ० | ० | ० | ० |
| घाइतेको संख्या | १ | ० | ० | ० | ० | ० | ० |

## लिङ्ग अनुसार मृत्युको बर्गीकरण

| पुरुष | महिला | पहिचान नभएको |
|---|---|---|
| २ | १ | ० |

## २४ घण्टामा COVID-१९ को विवरण

| संक्रमित संख्या | महिला संक्रमित संख्या | पुरुष संक्रमित संख्या | मृत्यु संख्या | निको भएका संख्या |
|---|---|---|---|---|
| ५२ | ० | ० | ० | १६ |

## हालसम्मको कुल तथ्याङ्क

| कुल संक्रमित संख्या | कुल सक्रिय संक्रमित संख्या | कुल निको भएका संख्या | कुल मृत्यु संख्या |
|---|---|---|---|
| १,०००,१२३ | ६६७ | ९८७,४३८ | १२,०१८ |

## प्रदेश अनुसार हालसम्मको कुल तथ्याङ्क

| | प्रदेश न.१ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| कुल संक्रमित संख्या | १२९,४७२ | ५३,८५९ | ५४२,०६१ | ९५,२६७ | ११०,४६५ | २४,०१९ | ४४,९३७ |